का.जि.प्र.का.द.नं. १००/०५९/६०

११ जेठ २०७९,
बुधबार
25 May 2022,
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न्

वर्ष २०, अंक १०९ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



## चुनाव हेरेर
# नीति तथा कार्यक्रम

> संघीय संसदमा प्रस्तुत नीति तथा कार्यक्रमले कार्यान्वयन भन्दा कल्पनाको संसार बाँड्न खोजेको छ । सम्मुनत नेपालमा के हुन्छ भनेर देखाउन खोज्दा यथार्थता छुटेको सरोकारवालाहरुको टिप्पणी गाछ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १० जेठ ।

सरकारले नीति तथा कार्यक्रम ल्याएको घोषणा गरेको छ । मंगलबार संघीय संसदमा सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै राष्ट्रपति विद्यादेवी भण्डारीले संघीयता कार्यान्वयन, सुदृढीकरण र सुशासनलाई प्राथमिकता राखिने बताइन् ।

'संघीयता कार्यान्वयको हालसम्म अभ्यास, अनुभव र पृष्ठपोषणको आधारमा कार्य बिस्तृतिकरण प्रतिवेदनको पुनरावलोकन गरिनेछ,' नीति तथा कार्यक्रममा भनिएको छ, 'संविधानको अनुसूचीमा भएका अधिकारको कार्यान्वयनको लागि कानुनहरुलाई निर्माण गर्न आवश्यक व्यवस्था गरिनेछ ।'

संघीयता कार्यान्वयन र सुशासनलाई प्राथमिकता राखेको नीति तथा कार्यक्रमले कल्पनाको उडान पनि उसैगरी भरेको छ । नेपाललाई 'समुन्नत नेपाल' बनाउने घोषणा गरिएको नीति तथा कार्यक्रममा

> नीति तथा कार्यक्रमले राखेको लक्ष्यलाई पैसामा जोड गरेर हेऱ्यो भने २५ खर्ब माग गर्छ । हाम्रो कोषमा पाँच खर्ब पनि पैसा छैन । त्यसकारण बजेटले कल्पनाको उडान भरेको छ, परखेटा पलाए नपलाएको ख्याल गरेको छैन ।
>
> **सुरेन्द्र पाण्डे**
> पूर्व अर्थमन्त्री एवं एमाले उपाध्यक्ष

सम्मुनत नेपाल बन्दा नेपाल कस्तो हुनेछ ? भन्ने कल्पनाको दृष्य देखाउने प्रयास गरिएको छ ।

प्रस्तुत नीति तथा कार्यक्रम अनुसार समुन्नत नेपालमा जताततै सडक पूर्वाधार बनेको हुन्छ, त्यो पनि आधुनिक । यो जनताको आर्थिक उन्नतीसँग प्रत्यक्ष जोडिएको विषय पनि हो । विगतका बर्षहरुमा जस्तै यस बर्ष पनि नीति तथा कार्यक्रममा सडक विस्तार र स्तरोन्नतिको विषयले नीति तथा कार्यक्रममा राम्रो स्थान पाएको देखिन्छ ।

आगामी आर्थिक वर्षमा देशभर थप ८०० किमी सडक निर्माण, २५७ किमी स्तरोन्नति गर्ने र ३०० पुल निर्माण गर्ने घोषणा गरेको छ । अझ कुन कुन ठाउँमा सडक विस्तार गर्ने, कुन कुन ठाउँमा स्तरोन्नति गर्ने भनेर बजेट भाषणमा बजेट छुट्याइए झैं सरकारले नीति तथा कार्यक्रममा समेटेको छ । काठमाडौं उपत्यकामा सम्भाव्य स्थानमा फ्लाई ओभर निर्माण गर्नेदेखि मेट्रो रेलको सपना पनि देखाइएको छ ।

समुन्नत नेपाल बनाउनका लागि पूर्व-पश्चिम विद्युतीय रेलमार्ग, रसुवागढी-काठमाडौं रेलमार्ग, वीरगञ्ज-काठमाडौं – बाँकी पृष्ठ २ मा

# आर्थिक उत्थानमा जोड

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ११ जेठ ।

सरकारले विकास र परिवर्तनको विभिन्न प्यामेजससहित आर्थिक २०७९/८० को नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । राष्ट्रपति विद्यादेवी भण्डारीलेसडक, पुल निर्माणजस्ता पूर्वाधारका काममा फड्को पार्ने विभिन्न योजना सहित कार्यक्रम सावर्जनिक गरेकी हुन् । नीति कार्यक्रममा नेपाल भित्रने विप्रेषण (रेमिट्यान्स) औपचारिक क्षेत्रबाट भित्राउन प्रोत्साहन दिने विषय समेटिएको छ । वैदेशिक रोजगारीमा जानेको संख्या बढ्दै जाने, तर रेमिट्यान्स नबढेको विषयलाई ध्यान दिँदै सरकारले आफ्नो नीति तथा कार्यक्रममा औपचारिक क्षेत्रबाट भित्राउन प्रोत्सान दिने व्यवस्था गरेको हो ।

कोभिडका कारण अर्थतन्त्रको बाह्य क्षेत्रमा चाप पर्न गए पनि रेमिट्यान्समा सुधार, पर्यटन आयमा सुधार, रुस र युक्रेनबीचको अस्थिरताले अर्थतन्त्रमा चाप परे पनि यसबाट पाठ सिक्दै अघि बढ्नुपर्ने देखिएको राष्ट्रपति भण्डारीले बताईन् । 'पछिल्लो समय रेमिट्यान्स घट्दै जाँदा देशको अर्थतन्त्रमा समेत असर परेको थियो । वैदेशिक सञ्चिती घट्नुका साथै अन्य समस्या आउन थालेपछि सरकारले आफ्नो नीति तथा कार्यक्रममा यसलाई समेटेको हो ' उनले भनिन् ।

सरकारले विदेशी लगानी आकर्षित गर्न उद्योग वाणिज्य र कम्पनी प्रशासनमा स्वचालित रुट प्रणाली अवलम्बन गर्ने भएको छ ।

आगामी आर्थिक वर्षदेखि नेपालमा पेट्रोलियम पदार्थको बिक्री वितरण प्रणाली निजी क्षेत्रलाई सुम्पने तयारी गरिरहेको छ । सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गुणस्तरीय, उन्नत तथा वर्णशंकर बीउ विकास गरि आत्मनिर्भर बन्ने नीति लिएको छ । नीति तथा कार्यक्रममा खाद्य वस्तुको उत्पादन बढाउने तथा प्रशोधन लागत घटाउन कार्यक्रम ल्याउने उल्लेख गरिएको छ ।

जलवायु परिवर्तनको प्रभावलाई धान्न सक्ने गरि वातावरण अनुकूलनमैत्री स्थानीय बीउ बिजनको अनुसन्धान र विकासमा जोड दिने भएको हो । सरकारले राष्ट्रिय गौरव र रणनीतिकबाहेकका आयोजना प्रदेशलाई हस्तान्तरण गर्ने भएको छ । स्थानीय अर्थतन्त्रलाई राष्ट्रिय अर्थतन्त्रको रुपमा विकास गरिने नीति तथा कार्यक्रममा उल्लेख छ । आगामी वर्षको बजेटमार्फत कृषि उत्पादन बढाउने र यसको बजारीकरण गर्दै आयात प्रतिस्थापन गर्ने नीति लिनका लागि विशेष व्यवस्था गर्ने भएको हो ।

यस्तै, स्वदेशमा खाद्यवस्तुको उत्पादन बढाउने र प्रशोधन लागत घटाउने कार्यक्रम समेत बजेटमा व्यवस्था गरिने कार्यक्रममा उल्लेख छ । नेपालमा सबैभन्दा धेरै आयात हुने धान मकै, आलु, प्याज, ओखर जस्ता बालीको आयात विस्थापन गर्ने गरी स्वदेशमै उत्पादन गर्न विशेष कार्यक्रम अघि बढाइने राष्ट्रपति भण्डारीले बताइन् ।

गुणस्तरीय प्रांगारिक मलमा रासायनिक मलमै दिएको अनुपातमा अनुदान दिइने, कृषिमा सूचना प्रणाली अपनाइने, कृषकको संरक्षण गर्ने नीति लिइने र किसानले उत्पादन गरेको वस्तु खरिद गर्ने व्यवस्था मिलाइने छ । सरकारले नवप्रवर्तनमा आधारित उद्योग व्यवसायको स्टार्टअपमा सहजीकरण गरी युवा उद्यमीलाई आकर्षित गर्ने नीतिसमेत लिएको छ । 'नवप्रवर्द्धनमा आधारित स्टार्टअप स्थापना र सञ्चालमा सहजीकरण गरिनेछ' सरकारको नीति तथा कार्यक्रममा भनिएको छ । नेपाली उद्योग नेपालमै रोजागर, आफ्नै उत्पादन आफ्नै बजार' नारासहित नेपाली उत्पादन, उपभोग अभिवृद्धि दशक अभियान सुरु गरिने राष्ट्रपति भण्डारीले जानकारी दिइन् । सरकारले बौद्धिक सम्पत्ति अधिकारको सुनिश्चित गर्ने तथा लागत घटाएर निर्यात प्रोत्साहन गर्ने पनि जनाएको छ ।

सरकारले निजी क्षेत्रबाट सञ्चालीत 'मेक इन नेपाल' र 'मेड इन नेपाल' अभियानलाई सहयोग गर्ने भएको छ । अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाका कार्यक्रमलाई समेत अनुगन गरेर नियमसरकारले फेसबूकलगायतका सामाजिक सञ्जाललाई करको दायरामा ल्याइने भएको छ ।

सरकारले आगामी आर्थिक वर्षमा थप २५ हजार घरमा विद्युत सेवा विस्तार गर्ने लक्ष्य लिएको छ भने थप ८०० किमि सडक निर्माण र २५७ किलोमिटर सकड स्तरोन्नति गर्ने भएको छ । तर, सरकारको नीति तथा कार्यक्रम पुरानो शैलीको निरन्तरता देखिएको भन्दै कतियले भने असन्तुष्टि जनाएका छन् ।

# गन्तव्यविहीन सपना : एमाले

संघीय संसदमा प्रस्तुत नीति तथा कार्यक्रमलाई प्रमुख विपक्षी दल नेकपा एमालेले गन्तव्यविहीन सपनाको संज्ञा दिएको छ ।



**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १० जेठ ।

प्रमुख प्रतिपक्षी नेकपा एमालेले संघीय संसदमा प्रस्तुत सरकारको नीति तथा कार्यक्रमलाई गन्तव्यविहीन सपनाको संज्ञा दिएको छ । सरकारको नीति तथा कार्यक्रम सुनेपछि एमालेले नीति तथा कार्यक्रम परम्परावादी ढर्रामा कल्पनाको उडान भरिएको टिप्पणी गरेको हो ।

नेकपा एमालेका सचिव योगेश भट्टराईले नीति तथा कार्यक्रमले जनतालाई आशा जगाउन नसक्ने बताए । भन्छन्, 'यसमा कुनै नयाँ कुरा, नयाँ सपना र यसमा देशवासीलाई र सिंगो मुलुकलाई अपिल कार्यक्रममा छैन । र, यसले कुनै उत्साह पनि दिएको छैन । यो सपनाविहीन, गन्तव्यविहीन छ ।'

भट्टराईले – बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## नीति तथा कार्यक्रममा वैदेशिक रोजगार सुधारका दर्जन बढी योजना
# नयाँ गन्तव्यदेखि सीप, तालिम र श्रम सम्झौता प्राथमिकतामा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० जेठ

सरकारले वैदेशिक रोजगार क्षेत्रमा सुधारका एक दर्जन बढी कार्यक्रम सार्वजनिक गरेको छ । राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा मंगलबार सार्वजनिक सरकारको नीति तथा कार्यक्रममा वैदेशिक रोजगार क्षेत्र सुधारसहित नयाँ गन्तव्यको खोजी, श्रम सम्झौता, श्रम स्वीकृति, स्वदेश फर्केका कामदारको सीप परीक्षण, पुनस्थपना, उद्यमशीलताको विकास, एकीकृत तथ्यांक संकलन जस्ता दर्जन बढी कार्यक्रम समेटिएका छन् ।

केन्द्रकृतरुपमा काठमाडौंबाट मात्रै वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति दिँदा कामदारको लागत बढ्ने भन्दै वैदेशिक रोजगारीमा जाने कामदारलाई सहजीकरण गर्न राजधानी बाहिरबाट श्रम स्वीकृति दिन लागिएको नीति कार्यक्रममा उल्लेख छ ।

आगामी आर्थिक वर्षको शुरूवातदेखि नै भैरहवा र पोखराबाट वैदेशिक रोजगारीमा जाने कामदारलाई श्रम स्वीकृति दिने कार्य शुरु गर्ने नीति तथा कार्यक्रममा समेटिएको छ । नीति तथा कार्यक्रममा सरकारले वैदेशिक रोजगारीमा जानेहरुका लागि नयाँ र आकर्षक गन्तव्यहरु प्रवर्द्धन गर्ने र नेपाली श्रमशक्तिलाई स्वदेशमै रोजगारीका अवसर उपलब्ध गराउने नीति लिने उल्लेख छ ।

नीति तथा कार्यक्रममा भनिएको छ, 'श्रमको सम्मान र मर्यादित श्रमसहितको श्रमिकको हक अधिकार सुनिश्चित गरिने, सार्वजनिक र अन्य क्षेत्रका कार्यक्रममा रोजगारीको सिर्जना गर्न प्रेरित गरिने, सार्वजनिक, निजी र सहकारी क्षेत्रमा उपलब्ध रोजगारीका अवसरसम्बन्धी एकीकृत सूचना प्रणालीको विकास गरी सीप तथा रोजगार ई-डाइरेक्टरी तयार गरिनेछ ।'

वैदेशिक रोजगारीका श्रम सम्झौताको पुनरावलोकन गर्नुका साथै नयाँ र आकर्षक गन्तव्य मुलुकहरूमा रोजगारी प्रवर्द्धन गर्ने, वैदेशिक रोजगार सूचना प्रणालीको स्तरोन्नति गर्दै वैदेशिक रोजगारीमा हुने ठगी नियन्त्रण गर्नेमा पनि नीति कार्यक्रमले जोड दिएको छ ।

वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिलाई सीपअनुसारको व्यवसाय सञ्चालन र रोजगार सिर्जना गरी समाजमा पुन: एकीकरण – बाँकी पृष्ठ २ मा

## MALAYSIA मा वैदेशिक रोजगारको अवसर

कम्पनी: YHI MANUFACTURING (MALAYSIA) SDN. BHD. शहर Negeri Sembilan
पूर्व स्वीकृत मितिः २०७९/०२/१० चलानी नं.: ६०१७९६४० LT. No.: 263538

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ १८ देखि २७ गते सम्म (1 to 10 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Govt Lic. NO. 647/063/064

SHARON MANPOWER SERVICES PVT. LTD.
P.O. Box : 10443, Prayag Marga, Baneshwor-9, Kathmandu
Phone : 4481505, 4481905, 4481957
Mobile: 9851038901, 9841669457, 9818550053, 9861415480, 9801026390

## यूएईमा रोजगारको अवसर

कम्पनी : AL MAYA SUPERMARKET L L C शहर : UAE
पूर्व स्वीकृत मितिः २०७८/०८/२३ चलानी नं.: ६०१७००११ LT. No.: 253390 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Warehouse Helpers | 28 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २६,९५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Sales Advisors | 0 | 24 | | 2000 | ६७,३८० | | | | | | | |
| 3. | Data Entry Operator | 9 | 0 | | 1300 | ४३,७९७ | | | | | | | |
| 4. | Cashiers | 17 | 24 | | 1200 | ४०,४२८ | | | | | | | |

यसै कम्पनीको लागि Sales Man & Sales Girl को पनि माग भएकाले नि:शुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

प्रि-अन्तर्वार्ता धमाधम भईरहेको छ । फाईनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ १८ गते (1 Jun 2021) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SGMC
Gov. Lic No. 1219/074/075

SHERMAN GLOBAL MANAGEMENT CONSULTANTS PVT. LTD.
(साविक सुर्खेत ओभरसिज प्रा.लि)
Sinamangal-9, Kathmandu | Tel: 4473705, 4494457, Email: info@shermanconsultants.com/ hr@shermanconsultants.com
Mobile No.: 9801026395, 9841886466, 9851322884, 9818441474, 9851235143, 9860528710, 9844064089

## कर्मचारी आवश्यकता

यस मेनपावर कम्पनीको लागि कर्मचारी आवश्यक भएको हुँदा दक्ष व्यक्तिले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।

Receptionist - (Female) 2 Nos

- कम्तीमा मेनपावर फिल्डमा २ वर्षको अनुभव भएको हुनुपर्नेछ ।
- सम्बन्धित काममा दक्ष तथा अंग्रेजी राम्रो हुनुपर्नेछ ।

तलब आपसी सम्झदारीमा

Silver Corner International Pvt.Ltd
एकता टोल, सिनामंगल-९, काठमाडौं, फोन: ४५९१४६९, ४५८९९५०
Email: silvercornernepal@gmail.com, Web.: silvercornerinternational.com
Mobile: 9851096200 श्रम इजाजत नं.: १११६/०७३/०७४

# मूल्यवृद्धि फिर्ता गर्न उद्योगमन्त्रीसमक्ष ध्यानाकर्षण

**काठमाडौं/मस–** १५ विद्यार्थी संगठनले पेट्रोलियम पदार्थमा गरिएको मूल्यवृद्धि फिर्ता गर्न सरकारसँग माग गरेका छन् । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडुलाई मंगलबार मन्त्रालयमा भेटि ती विद्यार्थी संगठनले ध्यानाकर्षण पत्र बुझाउँदै पेट्रोलिय पदार्थ र ग्यासमा गरिएको मूल्यवृद्धि फिर्ता गर्न माग गरेका हुन् । मन्त्री बडुले अहिले नै मूल्यवृद्धि फिर्ता गर्नका लागि केही भन्न नसक्ने र मूल्यवृद्धिका सम्बन्धमा मंगलबार छलफल गरिने बताएका बैज्ञानिक समाजवादी विद्यार्थी सङ्गठनका अध्यक्ष राजेश्वरी सुवेदीले बताइन् ।



विद्यार्थी सङ्गठनले मन्त्रालय र संयुक्त विद्यार्थी सङगठनबीच विगतमा भएको सहमति कार्यन्वयन गरी एलपी ग्यास र मट्टीतेलमा विद्यार्थीहरुलाई सहुलियतको मागसमेत गरेका छन् ।

यस्तै विद्यार्थी सङ्गठनले पेट्रोलियम पदार्थमा विभिन्न बहानामा लगाईएको अत्याधिक कर बारे पुनर्विचार गर्नुपर्ने, बैकल्पिक उर्जाको खोज अनुसन्धान र प्रयोगका लागि कार्यदल गठन गरी काम गर्नुपर्ने, पेट्रोलियम पदार्थमा भएको एकाधिकार खारेज गरी खुला प्रतिस्पर्धाबाट आपूर्ति गर्न माग गरेका छन् । पेट्रोलियम पदार्थको कच्चा तेल प्रशोधन केन्द्र स्थापना गर्न कुनै पनि बहानामा सरकारको स्वामित्वमा रहेको नेपाल आयल निगमलाई निजिकरण गर्ने विषयमा गम्भीरतापूर्वक सोच्नसमेत आग्रह गरेका छन् । यस्तै विद्याथी सङ्गठनले भोलि जेठ ११ गते पेट्रोलियम पदार्थको मूल्यवृद्धि फिर्ताको माग गर्दै नेपाल आयल निगम घेराउ गर्ने कार्यक्रम सार्वजनिक गरेका छन् ।

आयल निगमले गत बैशाख ३१ गते पेट्रोलियम पदार्थमा प्रति लिटर १० रुपैयाँ तथा पुनः जेठ ८ गते पेट्रोलियम पदार्थमा प्रति लिटर १० रुपैयाँ र एलपी ग्यासमा प्रति सिलिण्डरमा रु २०० वृद्धि गरेको थियो ।

नेपाल विद्यार्थी सङ्घ, अनेरास्ववियु, अनेरास्ववियु (क्रान्तिकारी), अनेरास्ववियू, अखिल (छैटौं), सजाजवादी विद्यार्थी युनियनलगायतका १५ विद्यार्थी सङ्गठनले ध्यानाकर्षणपत्र बुझाएका हुन् ।

यसैबीच नेकपा (एमाले) निकट राष्ट्रिय युवा संघले पनि पेट्रोलियम पदार्थको मूल्य वृद्धिको विरोधमा मंगलबार दिउँसो माइतीघरमा प्रदर्शन गर्ने जनाएको छ । साथै, विभिन्न संघसंस्थाले पनि मूल्य वृद्धिको विरोध गरिरहेका छन् ।

# बन्चरेडाँडा ल्याण्डफिल्ड साइटमा फोहोर खसाउन शुरु

**काठमाडौं/मस–** काठमाडौं उपत्यकाभित्रको फोहोर पहिलो पटक बन्चरेडाँडा ल्याण्डफिल्ड साइटमा खसाउन शुरु गरिएको छ ।

बन्चरेडाँडा ल्याण्डफिल्ड साइटको सेल वान निर्माण सम्पन्न भएसँगै आजदेखि उपत्यकाको फोहोर बन्चरेडाँडामा खसाउन सुरु गरिएको हो ।

नुवाकोटको सिसडोल ल्याण्डफिल्ड साइट भरिएपछि सरकारले धादिङ र नुवाकोटको सिमानास्थित बन्चरेडाँडा ल्याण्डफिल्ड साइट निर्माणको काम सुरु गरेको थियो । लामो समयदेखि काठमाडौं र ललितपुरमा थुप्रिएको फोहोर सोमबारदेखि उठ्न थालेको छ ।

सहरी विकासमन्त्री रामकुमारी झाँक्रीको निर्देशनमा काठमाडौं महानगरपालिकाले सोमबार राति नै विसर्जनका लागि बन्चरेडाँडा ल्याण्डफिल्ड साइटमा काठमाडौंबाट पठाइएको थियो । मंगलबार पनि काठमाडौँबाट फोहोर बोकेका ट्रक बन्चरेडाँडातर्फ पठाइएका छन् । सोमबार राति मन्त्री झाँक्रीले बालाजु, रातोपुललगायत क्षेत्रमा फोहोर उठे/नउठेको अनुगमन गरेकी थिइन् ।



हाल काठमाडौं र ललितपुरबाट १०० वटा ट्रक फोहोर बन्चरेडाँडामा खसाइएको बन्चरेडाँडा ल्याण्डफिल्ड साइटका आयोजना प्रमुख रवीन्द्र बोहराले जानकारी दिए । स्थानीयले सामान्य विरोध गरे पनि स्थिति सामान्य रहेको बताउँदै उनले बन्चरेडाँडा ल्याण्डफिल्ड साइटमा अब निरन्तर फोहोर विसर्जन गरिने बताए । मन्त्री झाँक्रीले सोमबार काठमाडौंका प्रमुख जिल्ला अधिकारी गोविन्द रिजाल, ललितपुरका प्रमुख जिल्ला अधिकारी घनश्याम उपाध्याय, काठमाडौं महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लोकनाथ पौडेल, काठमाडौं र ललितपुरका सुरक्षा निकायका प्रमुखसहितलाई बैठक बोलाएर तत्काल काठमाडौंको फोहोर विसर्जन गर्ने व्यवस्था मिलाउन निर्देशन दिएका थिए ।

काठमाडौंमा नयाँ मेयरको आगमनअगावै फोहोर व्यवस्थापन गर्न महानगरले पहल गरिरहेको काठमाडौं महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लोकनाथ पौडेलले जानकारी दिए । उनले जुनसुकै परिस्थितिमा पनि फोहोर व्यवस्थापनका लागि आफू तत्पर रहेको बताए ।

यसअघि सिसडोलमा फोहोर विसर्जन गर्दै आएको महानगरपालिकाले स्थानीयवासीको अवरोधका कारण फोहोर विसर्जन गर्न समस्या भएको थियो । काठमाडौं र ललितपुरका चोक र गल्लीमा फोहोर थुप्रिएको भन्दै मन्त्री झाँक्रीले सरोकारवाला निकायलाई यथाशीघ्र फोहोर व्यवस्थापन गर्न निर्देशन दिएकी उनको सचिवालयले जनाएको छ ।

# हरित हाइड्रोजन उत्पादन गर्न समझदारी

**काठमाडौं/मस–** देशभित्रै रासायनिक मल उत्पादनका लागि नेपाल विद्युत् प्राधिकरण र एक अन्तर ाष्ट्रिय संस्थाबीच मंगलबार समझदारीपत्रमा हस्ताक्षर भएको छ । प्राधिकरण र संसारभर हरित हाइड्रोजनलगायत क्षेत्रमा काम गर्दै आएको ग्लोबल ग्रिन ग्रोथ इन्स्टिच्युट, कोरियाबीच समझदारीपत्रमा हस्ताक्षर भएको छ । ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री पम्फा भुसालको उपस्थितिमा मंगलबार प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ र इन्स्टिच्युटका महानिर्देशक फ्रयाङ्क रिज्सबरम्यानले समझदारीपत्रमा हस्ताक्षर गरेका हुन् । दुई संस्थाले हरित ऊर्जामार्फत हाइड्रोजन, एमोनियाको उत्पादन र युरिया मल उत्पादनका लागि मल कारखाना स्थापनाको सम्भाव्यता अध्ययन गर्ने छन् । नेपालको जलविद्युत् आयोजनाबाट उत्पादित हरित ऊर्जाको प्रयोग गरी हाइड्रोजन, एमोनिया उत्पादन गर्ने र मल कारखाना स्थापनाका लागि एउटा नमूना परियोजनाको डिजाइन, विकासका लागि सम्भाव्यता अध्ययन गरिने छ ।

## चुनाव...

लगायतका रेलमार्गको अध्ययन अघि बढाउने, विराटनगर सुक्खा बन्दरगाहसम्म कार्गो रेल सञ्चालन गर्ने विषय पनि नीति तथा कार्यक्रममा समेटिएको छ । नेपालका नदी प्रणालीमा आन्तरिक जल यातायात सम्भाव्यता पहिचान तथा विकास गरिने नीति तथा कार्यक्रममा उल्लेख छ । मुलुकलाई बिऊ बिजनमा आत्मनिर्भर बनाउनेदेखि अर्गानिक खेतीलाई प्रोत्साहन गर्ने विषय समेत समेटिएका छन् ।

कक्षा ८ सम्म दिवा खाजाको व्यवस्था गर्नेदेखि प्रत्येक सामुदायिक माध्यामिक विद्यालयमा स्वास्थ्य परिचारिकाको व्यवस्था गर्ने, प्रदेश तहमा आवसीय विद्यालय सञ्चालन गर्ने घोषणा गरिएको छ । सबै स्थानीय तहका स्वास्थ्य संस्थामा ४० बर्षमाथिका नागरिकको बर्षको एक पटक आधारभूत प्रयोगशाला परीक्षण र महिलामा हुने पाठेघर मुखको क्यान्सरको निःशुल्क परीक्षण गर्ने विषय पनि समेटिएको छ । जेष्ठ नागरिकका लागि विशिष्टकृत स्वास्थ्य सेवा सुनिश्चित गर्ने विषय समावेश छ ।

खानेपानीको समस्या समाधान गर्नका लागि 'एक घर एक धारा' अभियानको घोषणा गरिएको छ । युवाहरुलाई आर्कशित गर्न 'आफ्नो उत्पादन आफ्नै ब्यापार' नारा दिएर उद्योग प्रवर्द्धन अभियान दशक घोषणा गर्ने भनिएको छ । 'मेक इन नेपाल, मेड इन नेपाल' को नारा पनि दिइएको छ । नेपालको एतिहासिक सम्पदाहरुको संरक्षण गर्ने, बिभिन्न क्षेत्रमा धार्मिक पर्यटन प्रवर्द्धन गर्ने विषय पनि नीति तथा कार्यक्रममा छुटेको छैन् । पूर्व अर्थमन्त्री एवं एमाले उपाध्यक्ष सुरेन्द्र पाण्डे सरकारले नीति तथा कार्यक्रमलाई नभनेरै लक्षित गरेका टिप्पणी गर्छन । के कस्ता विषय ल्याउँदा आसन्न प्रदेश र संघीय चुनावमा भोट बटुल्न सकिन्छ भन्ने चिन्ता नीति तथा कार्यक्रममार्फत पाँच दलीय सत्ता गठबन्धनले व्यक्त गरेको उनको भनाइ छ । यही मनोभावनाका साथ नीति तथा कार्यक्रम बनाउँदा त्यसले कल्पनाको उडान भरेको र यथार्थ धरातल छोड्न पुगेको पाण्डेको टिप्पणी छ । नीति तथा कार्यक्रममाले राखेको लक्ष्यलाई पैसामा जोड गरेर हेर्‍यो भने २५ खर्ब माग गर्छ । हाम्रो कोषमा पाँच खर्ब पनि पैसा छैन' पाण्डे भन्छन्, 'यसकारण बजेटले कल्पनाको उठान भनेको छ पखेटा पलाए नपलाएको ख्याल गरेको छैन ।'

पूर्वप्रधानमन्त्री एवं जनता समाजवादी पार्टी (जसपा)का संघीय परिषद अध्यक्ष डा. बाबुराम भट्टराई पनि प्रस्तुत नीति तथा कार्यक्रम सकारात्मक भए पनि सुधारको आँट नगरेको बताउँछन । 'सरकारले ल्याएको नीति तथा कार्यक्रम समग्रमा सकारात्मक छ । महत्वपूर्ण सुधारको संकेत गरिएका छन् । तर यति सामान्य सुधारले मात्र पुग्दैन' डा. भट्टराईको टिप्पणी छ । चुनावी वर्ष भएकाले पनि पपुलिस्ट कार्यक्रम ल्याउनुपर्ने बाध्यता भएको उनको प्रतिक्रिया छ । उनी थप्छन्, 'मेरो विचारमा १९ को २० भयो । कृषिको प्राथमिकीकरण गर्ने कुराहरु छन्, संघ, प्रदेश र स्थाद्दीय तहको अधिकारका कुराहरु आएका छन् । तर, प्रयाप्त छैन् ।' निजी क्षेत्रको प्रतिक्रिया भने मिश्रित छ । नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ अध्यक्ष शेखर गोल्छा नीति तथा कार्यक्रम हेर्दा बजेट निजी क्षेत्रमैत्री आउने अपेक्ष ागर्न सकिने बताउँछन् ।

'निजी क्षेत्रले उठाउँदै आएको विषयलाई प्राथमिकता दिएको पाइएको छ । कन्ट्री रेटिङको कुरा आएको छ । रेमिट्यान्स बढाउन उपाय चालिने, साना तथा मझौला उद्योगलाई ऋणको व्यवस्थाको विषय नीति तथा कार्यक्रममा परेको छ' उनी थप्छन्, 'उत्पादनमुलक क्षेत्रमा लागत घटाउने लगायतका विषय पनि सकारात्मक छन् । नीति अनुसार बजेट आए निजी क्षेत्रमैत्री हुनेछ ।'

नेपाल उद्योग परिसंघका अध्यक्ष विष्णु अग्रवाल आगामी वर्ष नेपालको क्रेडिट रेटिङ सम्पन्न गर्ने विषय नीति तथा कार्यक्रममा आउनु सकारात्मक भएको बताउँछन् । यसले विदेशी लगानी पनि आकर्षित गर्न मद्दत गर्ने उनको विश्वास छ । उनी भन्छन्, 'उत्पादनमुलक उद्योग स्थापना र सञ्चालन गर्न प्रोत्साहन गरिने भनिएको छ । नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि अभियान दशक प्रारम्भ गरिने भनिएको छ । यो हाम्रो माग नै हो ।'

नीति तथा कार्यक्रममा उद्योगहरूको सुरक्षा गर्ने विषय समेटिनुलाई पनि निजी क्षेत्रले स्वागत गरेको छ । तर, यो चुनाव केन्द्रीत मात्रै हो कि भन्ने आशंकालाई भने निजी क्षेत्रले आशंका गरेको छ ।

## गन्तव्यविहीन...

आसन्न आर्थिक संकटलाई सम्बोधन गर्ने गरी कुनै कार्यक्रम आउन नसक्नु दुखद भएको टिप्पणी गरे । 'मुलुकमा ठूलो आर्थिक संकट छ, आउने बर्ष डरलाग्दो आर्थिक संकट सामना गनुपर्ने छ । यो सरकार जति समय बस्छ, त्यति समय मुलुकका लागि समयको बर्बादीबाहेक केही पनि होइन' भट्टराईले भने । पूर्व अर्थमन्त्री एवं एमाले उपाध्यक्ष सुरेन्द्र पाण्डे पनि नीति तथा कार्यक्रम यथार्थता भन्दा बाहिर रहेको बताउँछन् ।

एमालेका अर्का नेता गोकुल बास्टोका सरकारको नीति तथा कार्यक्रम पुरा नै हुन नसक्ने भएकाले सोही अनुसार सच्चिन सरकारलाई आग्रह गर्छन् । 'पुरा हुने कुरा गर्नुपर्छ । कामै गर्न नसक्ने कुरा गर्नु केवल प्रचारका लागि मात्रै सवादकर हुन्छ । यसबाट सच्चिएर सरकारले बजेट ल्याउनुपर्छ ।'

## नीति...

गर्ने कार्यक्रमहरु सञ्चालन गर्ने भन्दै नीति तथा कार्यक्रममा श्रम बजारको मागअनुसारको विशिष्टीकृत सीपयुक्त जनशक्ति उत्पादन गर्ने र सीप विकास तालिमलाई रोजगारी र उद्यमशीलतासँग आवद्ध गर्ने नीति कार्यक्रमले उल्लेख गरेको छ ।

नेपाली श्रम बजारमा वर्षेनी आउने सक्रिय श्रम शक्तिलाई योग्यता र रुचीअनुसारको सीप विकास, वित्तीय पहुँच एवं सार्वजनिक र निजी क्षेत्रको कार्यस्थलमा तालिमको व्यवस्था गर्ने र सबै श्रमिकलाई सामाजिक सुरक्षा कोषमा क्रमशः आवद्ध गर्दै लगिने र प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सबै तहको स्वामित्व स्थापित हुने गरी पुनःसंरचना गर्ने, रोजगारी, सीप विकास र उद्यमशीलतासँग सम्बन्धित कार्यक्रमहरूको प्रभावकारिता अध्ययन गरी एकीकृतरूपमा कार्यान्वयन गर्ने भनिएको छ ।

वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिक तथा उनीहरूका परिवारलाई प्रदान गरिने राहत, उद्धार तथा अन्य कल्याणकारी सेवा स्थानीय तहमार्फत् थप प्रभावकारीरूपमा उपलब्ध गराइने प्रतिवद्धता पनि नीति तथा कार्यक्रममा रहेको छ । बजेट अघि सार्वजनिक हुने नेपाल सरकारको नीति तथा कार्यक्रममा वैदेशिक रोजगार र आन्तरिक श्रम बजारका विषयमा धेरै विषय समेटिने भएपनि बजेटमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले अत्यन्तै न्यून बजेट पाउने गुनासो विगत वर्षदेखि नै रहँदै आएको छ ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७७/०७/०४ मा दर्ता भएको **प्रा.लि. नं. २४५९९८** को **आएशा मल्टि इन्टरनेशनल प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७९/०२/११

यस कम्पनीको मिति २०७९/०१/१० मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **ब्याक टु नेचर बेड एण्ड ब्रेकफास्ट प्रा.लि. (प्रा.लि. नं. २२३४६१)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०१/११ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **व्याकयार्ड बाई व्याक टु नेचर प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**मलेशिया र साउदीमा वैदेशिक रोजगारको अवसर**

१. कम्पनी: **MEGAH TEXTILE SDN.BHD.** शहर : **Malaysia**
पूर्व स्वीकृत मितिः २०७९/०२/१० चलानी नं.: ६०१७९६६२ L.T. No.: 263353

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 15 | 0 | स. काममा दक्ष | 1500 | ४२,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: **MUSTAFA NASR BIN ABDULLAH AL-FARAJ FOUNDATION FOR MAINTENANCE** शहर : **SAUDI**
पूर्व स्वीकृत मितिः २०७९/०२/१० चलानी नं.: ६०१७९६६४ L.T. No.: 263488

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | PLUMBER | 4 | 0 | | 1200 | ३९,५७६ | | | | | | |

३. कम्पनी: **THE CLASSY PERSON BARBER SHOP FOR MEN** शहर : **SAUDI**
पूर्व स्वीकृत मितिः २०७९/०२/१० चलानी नं.: ६०१७९६६३ L.T. No.: 263487

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Men Barbar | 2 | 0 | स. काममा दक्ष | 1700 | ५६,०६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ १८ गते (1 June 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं.: ८८०/०६७/०६८

**GRAND SUITE JOB PVT. LTD.**
Koteshwor-32, Kathmandu, Tel : 01-5100475
E-mail: info@grandsuitejob.com, Web.: www.grandsuitejob.com.np

**कनकाई नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**जामुनबारी, झापा**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मितिः– २०७९/२/११**

यस कार्यालयबाट मिति २०७८/१२/२२ गतेका दिन प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरुको मुल्याङ्कन गर्दा तपशिल बमोजिमको बोलपत्र न्युनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई मुल्याङ्कन समितिबाट स्वीकृतिका लागि सिफारिस भई आएबमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ अनुसार सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.नं. | ठेक्का नं | योजनाको नाम | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मुअक र पियस बाहेक) |
|---|---|---|---|---|
| 1 | | Ringroad Asphalt Concreting | Parbati Ambika Construction Pvt. Ltd, Kanakai, Jhapa | 5,778,657.00 |

**प्रमुख प्रशासकीय अधिकृत**

**Miklajung Rural Municipality**
**Office of Rural Municipal Executive**
**Madhumalla, Morang**
**Province No. 1, Nepal**

**Notice to Open Financial Bids**

**Date of Publication: 2079/02/11**

1. Persuant to Rule 31(nga), Sub Rule 5 of Public Procurement Regulation 2064 (including amendments), this is hereby notified to all concerned bidders who bidded as per our notice dated 2078/12/02 published on "Madhyanna Rastriya Dainik" that the list of successful bidders in technical proposal have been listed below.

**List of Successful Bidders:**

| S.N. | Contract Identification No./Work Description | Name & Address of Bidders. |
|---|---|---|
| 1. | 20/MRMM/WORKS/NCB/078/79 (Construction of Motorable Bridge in Magar Khola) | 1. Dynamic Construction Pvt. Ltd. |
| | | 2. Narayanam Nirman Sewa Pvt. Ltd. |
| | | 3. Bhagawati/S.A.S. JV |
| | | 4. Nepal Mega/Prabin/MBA JV, Damak Jhapa |

2. All the Qualified Bidders in technical Bids are therefore, notified to send their authorized representative for financial bid opening on Bids on 2079/02/18 at 14:00 hrs in the Office of Miklajung Rural Municipality.

**Chief Administrative Officer**

# हराएको पाँच मूर्ति फिर्ता

**काठमाडौं/मस-** नेपालबाट हराएर अमेरिकाको विभिन्न स्थानमा पुगेको ऐतिहासिक, सांस्कृतिक एवं धार्मिक महत्वका पाँच प्राचीन मूर्ति फिर्ता गरिएको छ। पुरातत्व विभागले मंगलबार आयोजना गरेको कार्यक्रममा ती मूर्ति सार्वजनिक गरिएको छ । फिर्ता भएका मूर्तिमा प्रस्तरको चतुर्मुखी शिवलिङ्ग, प्रस्तरको उमामहेश्वरको मूर्ति, प्रस्तरको नागराजको मूर्ति, पद्मपाणि लोकेश्वरअर्थात् बोधिसत्व अवलोकितेश्वर मूर्ति र प्रस्तरको शाक्यमुनिको मूर्ति रहेको छ ।



प्रस्तरको चतुर्मुखी शिवलिङ्ग विशेष प्रकारको छ। तीन तहको यो मूर्तिमा ब्रह्मभाग, विष्णुभाग र शंकरभाग छ । खम्बामाथि बनेको यो मूर्ति सन् १९८० को आसपासमा पशुपति क्षेत्रबाट हराएको थियो। प्रस्तरको उमामहेश्वरको मूर्ति ललितपुर महानगरपालिका-११ गाःहिटी टोलमा रहेको थियो । यो मूर्ति सन् १९६० मा हराएको हो । यो मूर्ति १० औं शताब्दीको हो । यो मूर्ति अमेरिकाको डेनभर आर्ट संग्रहालयको एसिया संकलनमा भेटिएको थियो ।

प्रस्तरको नागराजको मूर्ति १२ औं वा १३ औं शताब्दीको हो । यो मूर्ति राजकीय स्वरुपको मानवाकार छ । यो मूर्ति सन् १९८२ मा नक्साल क्षेत्रबाट हराएको हो ।

पद्मपाणि लोकेश्वर अर्थात् बोधिसत्व अवलोकितेश्वर मूर्ति सन् १९५० तिर हराएको विभागले जनाएको छ । यो मूर्ति अमेरिकाको एक निजी कम्पनीको संकलनमा रहेको थियो ।

प्रस्तरको शाक्यमुनिको मूर्ति पनि सन् १९५० कै दशकमा हराएको हो। यो मूर्ति पनि अमेरिकाको एक निजी कम्पनीको संकलनमा रहेको थियो । युपिएस कार्गोले यी मूर्ति निःशुल्क फिर्ता गराउन सहयोग गरेको थियो। अमेरिकामा यी सामग्री संग्रह गरेका निकाय एवं कम्पनीले पनि सहयोग गरेको विभागका महानिर्देशक दामोदर गौतमले बताए ।

फिर्ता भएका सम्पदा सुरक्षा, संरक्षण, अनुसन्धानकर्तासम्मको पहुँचका लागि मंगलबार राष्ट्रिय सङ्ग्रहालयलाई हस्तान्तरण गरिएको छ । मूर्ति साविककै स्थानमा स्थानान्तरणका लागि अनुरोध भई आएमा प्राचीन स्मारक संरक्षण ऐन २०१३ को दफा २० कको प्रावधानअनुसार गर्न सकिने विभागले जनाएको छ ।

कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिएक उड्डयनमन्त्री प्रेमबहादुर आलेले फिर्ता भएका मूर्तिको संरक्षण हुने प्रतिबद्धता जनाउँदै ऐतिहासिक, सांस्कृतिक महत्वका सम्पदाको संरक्षणमा सरोकार भएका निकायले विशेष काम गर्नुपर्नेमा जोड दिए। सो अवसरमा नेपालस्थित अमेरिकी दूतावासका डेपुटी चिफ अफ मिसन म्यानुअल पि मिकालरले नेपालबाट चोरी निकासी भई अमेरिका पुगेका पुरातात्विक महत्वका सामग्री फिर्ता गर्दै जाने नीति रहेको सुनाए ।

**पुरातात्विक महत्वका सम्पदाको संरक्षण गर्छौं: मन्त्री आले**

संस्कृति, पर्यटन तथा नागरिएक उड्डयनमन्त्री प्रेमबहादुर आलेले नेपालबाट चोरी निकासी भई विदेश पुगेका र त्यहाँबाट फिर्ता ल्याइएका मूर्तिको संरक्षण गरिने बताएका छन् । नेपालबाट हराएका तथा चोरी भएर अमेरिका विभिन्न सङ्ग्रहालय पुगेका विभिन्न शताब्दीका पाँचवटा मूर्ति आज नेपाल ल्याई पुरातत्व विभागलाई हस्तान्तरण गर्ने कार्यक्रममा मन्त्री आलेले नेपालको कला, सम्पदा, सांस्कृतिक तथा पुरातात्विक महत्वका सम्पदालाई चोरी निकासी हुनबाट जोगाउनुपर्ने बताए । उनले भने, 'हाम्रो पहिचानको धरोहरको रुपमा रहेका सांस्कृतिक तथा पुरातात्विक महत्वका सम्पदा मासिने र चोरी निकासी हुने क्रम बढेको छ, हामीले हाम्रा सम्पदाको संरक्षण गर्न जरुरी भएको छ ।'

# मूल्य वृद्धिविरुद्ध संसदमा सार्वजनिक महत्वको प्रस्ताव



**काठमाडौं/मस-** पेट्रोलियम पदार्थमा भएको अस्वाभाविक मूल्यवृद्धि र बजार मूल्यमा परेको असरका कारण जनजीवन गम्भीर रूपमा प्रभावित भएको भन्दै प्रतिनिधिसभामा जरुरी सार्वजनिक महत्वको प्रस्ताव दर्ता भएको छ ।

प्रमुख विपक्षी नेकपा एमालेका प्रमुख सचेतक विशाल भट्टराई प्रस्तावक र राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनसहित एमालेका यज्ञराज सुनुवार र गणेश कुमार पहाडीको समर्थन सहितको प्रस्ताव दर्ता भएको हो ।

मूल्यवृद्धि तत्काल फिर्ता गर्न माग गर्दै दर्ता भएको प्रस्तावमा खाना पकाउने ग्यास, पेट्रोल, डिजेल र मट्टितेल लगायतका पदार्थमा भइरहेको चुहावट, कमिसन र अत्यधिक करलाई न्यूनीकरण गर्न सरकारको प्रयासबारे संसदमा जवाफ मागिएको छ । सरकारले गैरजिम्मेवारी प्रदर्शन गरेको र बमौसमी रूपमा आयल निगमको निजीकरण गर्ने विषय उठाएको भन्दै प्रस्तावमा यसबारे जवाफ समेत मागिएको छ ।

# सवारीसाधनको भाडा पुनः बढ्यो

**काठमाडौं/मस-** सरकारले अन्तर प्रदेश चल्ने सार्वजनिक यातायातमा भाडा पुनः वृद्धि गरेको छ । यसअघि भाडा बढेको एक सातामै पुनः भाडादर वृद्धि भएको हो ।

यात्रुवाहक सवारीसाधनमा दुई दशमलव एक प्रतिशत भाडा बढाइएको हो । गत साता भाडादर निर्धारण गर्दाको भन्दा अहिले डिजेल प्रतिलिटर रु १० वृद्धि भएपछि त्यसैका आधारमा भाडादर बढाउने निर्णय भएको यातायात व्यवस्था विभागले जनाएको छ । पहाडी बाटोमा चल्ने मालवाहक सवारीसाधनमा दुई दशमलव एक प्रतिशत र तराईको सडकमा सञ्चालन हुने मालवाहक सवारीसाधनमा तीन प्रतिशत भाडा बढाइएको छ ।

# राजपुरका जनप्रतिनिधिद्वारा शपथ ग्रहण

**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, १० जेठ

राजपुर नगरपालिकाका नव निर्वाचित जनप्रतिनिधिहरुले शपथ लिएका छन् । नगरपालिकाका नवनिर्वाचित प्रमुख डा. मो. राजीक आलमले उपप्रमुख जमिला असगरी, वडा अध्यक्ष र वडा सदस्यहरुलाई शपथ गराएका हुन् ।

शपथ ग्रहण कार्यक्रम नगर प्रमुख आलमले आगामी पाँच वर्षभित्र नमुना नगरपालिका निर्माण गर्ने बताएका छन् । शिक्षा र स्वास्थ्य सेवालाई प्राथमिकतामा राखेर काम गर्दै नमुना नगरपालिका निर्माण गर्ने उनको भनाइ थियो। साथै उनले नगरवासीको सेवामा कटिबद्ध भएका काम गर्ने बताए ।

## मोटरसाईकल हराएको सूचना

मिति २०७९/०२/०९ गते गोकर्णेश्वर–८, माकलबारीबाट पार्किङ गरि राखेको बाग्मती प्रदेश ०२-०३३ प ७२६१ नम्बरको **220 Pulsar** कालो र रातो रङ्गको मोटरसाईकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनी : मनकुमार थोकर (युवा बहुउद्देश्य सहकारी)**
**च्यासिस नं : MD2A13EX4MCG93939**
**इन्जीन नं : DKXCMG27597**
**सम्पर्क नं : ९८०८९६८७४८**

## माईग्रेसन/प्रमाणपत्र हरायो

निम्न नाम थर र जन्म मिति भएको माईग्रेसन प्रमाणपत्र हराएको हुदाँ पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकीमा वा निम्न ठेगानामा सम्पर्क गरिदिनहुन अनुरोध गर्दछु।

**नाम थर : भोज बहादुर पण्डित**
**सम्पर्क नं. : ९८४११८८३३६**
**रजिष्ट्रेसन नं. : ६२२३०३००५**
**ठेगाना: ग्यालथुम, सिन्धुपाल्चोक**


Karnali Provincial Government
Ministry of Physical Infrastructure and Urban Development
Infrastructure Development Directorate

## Infrastructure Development Office

**Dailekh, Nepal**

## Invitation for Online Bids(NCB)

**IFB No: 05-078/079**
**Date of First Publication: 2079/02/11 (25th May, 2022)**

1. **Infrastructure Development Office (IDO), Dailekh** invites Open Competitive Bidding from the eligible bidders for the fabrication of steels parts and transportation upto road head for various trail bridge given in table below under National Competitive Bidding Procedures.

| S. N | Description of Work | Estimated Amount, NRs (ExcludingVAT) | Bid Security Amount (NRs.) | Bid Document Fee Nrs |
|---|---|---|---|---|
| 1 | **Contract ID: IDO/Dailekh/ Goods/NCB/01/078/079** Fabrication of steel parts and transportation upto road head of Trail Bridge ( Truss & N- Type ) | 7,704,178.99 | 220,000.00 | 3000.00 |
| 2 | **Contract ID: IDO/Dailekh/ Goods/NCB/02/078/079** Fabrication of steel parts and transportation upto road head of Trail Bridge ( D - Type ) | 10,209,696.65 | 300,000.00 | |

2. Bidder shall have the option of submitting their bids electronically only and submission of hard copy bids shall not be entertained.
3. Eligible Bidders may refer complete set of Bid document for further information at Infrastructure Development Office, Dailekh Telephone No: 089- 420153 Or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Eligible Bidders submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document and bid security in the account as specified below and the scanned copy (pdf. format) of the Bank deposit voucher and bid security shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document and bid security in bank is as follow respectively:
   **Name of Office : Infrastructure Development Office, Dailekh**
   **Name of the Bank : Rastriya Banijya Bank, Dailekh Branch.**
   **Rajaswa (Revenue) Account Number : 100010020101006**
   **Dharauti Account Number: 4010100202030000**
   **Rajaswa Shirshak (Revenue) Number : 14229 Office Code Number: 3370167016**
5. Pre-bid meeting shall be held at Infrastructure Development Office, Dailekh, at **12:00 hours on dated 2079/02/30 (13th June, 2022)**
6. Electronic bids must be submitted to the Infrastructure Development Office, Dailekh, electronically through PPMO website www.bolpatra.gov.np/egp. **on or before 12:00 hours on dated 2079/03/10, (24th June,2022)** .Bids received after this deadline will be rejected.
7. The bids will be opened electronically at **13:00 hours on dated 2079/03/10, (24th June, 2022)** in the presence of the bidders' representatives who choose to attend in Infrastructure Development Office, Dailekh. Non-attendance of any or all of the bidders' representatives shall not hinder the opening of the Bids.
8. In the case of discrepancies or error in bidding document, tender notice or any other document, the Office of the Infrastructure Development Office, Dailekh reserves the right to amend and correct at any time. If any amendments which will be posted in the notice board of Infrastructure Development Office, Dailekh Or may visit PPMO's Website www.bolpatra.gov.np/egp.
9. If the last date of pre-bid meeting, purchasing and submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
10. The Employer (Infrastructure Development Office, Dailekh) reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
11. The bidders are strongly advised to visit the site before bidding.
12. Any matters not covered in this tender notice shall be in accordance with public procurement act, 2063 and public procurement regulations, 2064 (including amendment) and other prevailing rules and regulations of GoN.

**Acting Office Chief**



## मलेसियामा रोजगार | १. कम्पनी : NORMA TECHNLOGY SDN BHD

शहर: Malaysia

पूर्व स्वीकृत मितिः २०७९/०२/१० चलानी नं.: ६०१७९६५३ LT. No.: 263557

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 5 | 0 | स. काममा दक्ष | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : Ge- Shen Plastic (M) Sdn.Bhd. शहर: Malaysia

पूर्व स्वीकृत मितिः २०७९/०२/०९ चलानी नं.: ६०१७९५०५ LT. No.: 263199

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 5 | 5 | स. काममा दक्ष | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ १८ गते (1 June 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Kankai Recruitment suppliers Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal. Mobile : 9803697030
Tel: 01-4954490, Email: kankairecruitment4@gmail.com
Gov. Lic No. 946/067/068



## कुवेतमा रोजगार | १. कम्पनी: NEERAJ COMPANY FOR MAINTENANCE OF OIL INSTALLATION, WELLS & REFINERIES.

शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०७९/०२/१० चलानी नं.: ६०१७९६६८ L.T. No.: 263516

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Workers | 20 | 10 | स. काममा दक्ष | 125 | ५०,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७९ जेठ १८ देखि २२ गते सम्म (1 to 5 June 2022) मा हुनेछ ।**

२. कम्पनी: SAFA INTERNATIONAL CO.SWEET AND CONFECTIONERY शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०७६/१०/२६ चलानी नं.: ६०१५१४१४ L.T. No.: 232277 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 10 | 10 | स. काममा दक्ष | 100 | ४०,४१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७९ जेठ १७ गते (31 May 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ को निःशुल्क अन्यको रु. १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Samridhha Human Resources Pvt. Ltd.**
Hattigaunda-08, Kathmandu, Tel: 01-4371370, 4371369, 9813033715
9851315449, Email: info@samriddhahr.com, Web.: www.samriddhahr.com
Gov. Lic No. 1045/073/074



## KUWAIT र साउदीमा वैदेशिक रोजगारको अवसर

१. कम्पनी: UNITED UNIVERSAL MEAT TRADING & FOODSTUFF CO. शहर: Kuwait

पूर्व स्वीकृत मितिः २०७९/०२/१० चलानी नं.: ६०१७९६९६ L.T. No.: 263514

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helpers (Indoor) | 14 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ४८,५०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Light Driver | 4 | 0 | | 140 | ५६,५८६ | | | | | | | |

२. कम्पनी: INDUSTRIAL FABRICATION FACTORY शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७८/०३/२४ चलानी नं.: ६०१६४३२१ L.T. No.: 240393 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant For Electric Welding | 1 | 0 | स. काममा दक्ष | 1300 | ४२,८७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ १८ देखि २२ गते (1 to 5 June 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| काममदारल तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैंले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**क्वालीटी इन्टरनेशनल ओभरसिज कन्सल्टेन्सी कं. प्रा.लि.**
काठमाण्डौं म.न.पा.९, सिनामँगल, काठमाण्डौं नेपाल मोबाइल नं. ९८४१४९८८६६, ९८४१९२७६७६ ।
Email : skboverseas@hotmail.com
श्रम इजाजत नं. ४४९/०६०/०६१


